# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०७८/०७९
**Ref.No :2078/079**
चलानी नं. : ५५

तेतरिया,मोरङ्
**Tetariya,Morang**
प्रदेश नं. १, नेपाल
**Province no.1, Nepal**

ग्रामथान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तेतरिया, मोरङ प्रदेश नं. १, नेपाल

मितिः- २०७८।०४।०७

श्री वडा कार्यालय सबैं
ग्रामथान गाउँपालिका ।

बिषयः **सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्वन्धमा ।**

प्रस्तुत विषयमा गृह मन्त्रालय,राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको प.सं. ०७८/०७९ च.नं. ६१ मिति २०७८।०४।०३ को पत्र यसै साथ संलग्न छ । सोही बमोजिम चालु आ.व. २०७८।०७९ देखि त्रैमासिक बजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने भएको हुदाँ सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको विवरण **२०७८ श्रावण महिना देखि भाद्र मसान्त भित्र** नविकरण गरि सक्नुपर्ने भएकाले सोही बमोजिम नविकरण तथा लगत अध्यावधिक गर्नुहुन अनुरोध छ ।

**नोटः** वडा कार्यालयहरुबाट परिचयपत्र नविकरण हुन नसकेमा नविकरण फारम दुरुस्त भरी २०७८ भाद्र १० गते भित्र अनिवार्य गाउँपालिकामा बुझाउनु हुन अनुरोध छ ।

**बोद्यार्थः**
श्री सुचना प्रविधि शाखा,ग्रामथान गाउँपालिका,मोरङ
पत्र वेवसाईटमा अपलोड गरिदिनुहुन ।

.....................
गणेश बहादुर कार्की
प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४११४६१, ४११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००७४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-०७८/७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६१

मिति : २०७८/०४/०३

विषय :- सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धमा ।

श्री स्थानीय तह सबै ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले श्रावण महिना देखि कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्ने व्यहोरा उल्लेख भएको भएता पनि आ.व. २०७८/०७९ को बजेट बजेट वक्तव्य बमोजिम आ.व. २०७८/०७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक बजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने हुँदा सो सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

देहाय:

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको विवरण लाभग्राही स्वयं उपस्थित भई भाद्र मसान्त भित्र नवीकरण गरिसक्ने व्यवस्था गर्ने ।

२. विवरण नवीकरण नभएमा लाभग्राहीले नयाँ लाभग्राहीको रुपमा निवेदन दिई अर्को महिना देखि मात्र भत्ता प्राप्त गर्न सक्ने हुँदा लाभग्राहीलाई समयमा नै जानकारी गराई नवीकरणको कार्य तदारुकता साथ गर्ने ।

३. स्थानीय सञ्चार माध्यम रेडियो, टेलिभिजन लगायतका भरपर्दो सञ्चार माध्यमद्वारा लाभग्राहीलाई आवश्यकता अनुसार स्थानीय भाषामा समेत जानकारी गराउने व्यवस्था गर्ने ।

४. त्रैमासिक बजेट निकासा गर्दा वास्तविक लाभग्राहीको संख्या बमोजिम मात्र निकासा हुने हुँदा दोहोरो परेका, मृत्यु भएका लाभग्राहीको विवरण वा कुनै कारणले लगत कट्टा गर्नु पर्ने भए सो गरी लाभग्राहीको वास्तविक संख्या यकिन गराउने व्यवस्था गर्ने ।

५. कतिपय लाभग्राहीहरुको विवरण दर्ता गर्दा निवेदन प्राप्त गर्नु भन्दाको अगाडिको मिति राखेर समेत दर्ता गर्ने गरेको पाइएकोले यस प्रकारको कार्यलाई निरुत्साहित गरी लाभग्राहीको पूर्ण विवरण भरी जुन मितिमा निवेदन प्राप्त भई दर्ता भएको हो सोही विवरणलाई आधार मानी सोही दिन दर्ता गराउने व्यवस्था गर्ने ।

२०७८/०४/०२

(मेघ राज शंकर)
शाखा अधिकृत

ग्रामथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तेतरीया, मोरङ
दर्ता नं. ५५
दर्ता मिति २०७८/०४/०६